मिति २०८१।५।३० गतेको "तेरो छुन" पत्रिकामा सूचना प्रकाशित भएको।


जयपृथ्वी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९२-४२१०५४

e-mail :- jpmunicipality2014@gmail.com


## आन्तरिक आय संकलन तर्फको पुन: बोलपत्र आव्हान सम्बन्धि सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८१।०५।३० गते ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) को उप दफा (१) ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकामा रहेका सेती नदी र बाहुलीगाडबाट आर्थिक बर्ष २०८१/०८२ को लागि नदीजन्य पदार्थको बिक्री शुल्क असुली सम्बन्धि कार्य ठेक्काद्वारा गराउन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । दोस्रो पटक सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, कार्यालयको वेभ साईट WWW.jayaprithvimun.gov.np तथा कार्यालय समय भित्र जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी नदीजन्य पदार्थको बिक्री शुल्क असुली सम्बन्धि ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/खोलाहरुको विवरण | लोकेशन | | उत्खनन् योग्य परिमाण( घ.मी.) | न्यूनतम ठेक्का अंक( सबै करसहित) रु. | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २-०८१/०८२ | बाउलीगाड( ज.न.पा. १० खेईरा खेत) | 29°33'42.75"N<br>29°33'42.38"N<br>29°33'43.08"N | 81°10'50.81"E<br>81°10'50.64"E<br>81°10'52.08"Em | ३६८१। | ५,१५,३४० | १०००। | |
| ३-०८१/०८२ | सेती नदी - ज.न.पा.०३ सिमभाडी पारी धौलाबगर) | 29°33'16.48"N<br>29°33'18.51"N<br>29°33'16.61"N | 81°12'22.67"E<br>81°12'26.76"E<br>81°12'30.55"E | १०९०८। | १५,२७,१२०। | १०००। | |
| ४-०८१/०८२ | सेती नदी ( ज.न.पा.११ रुईनाबगर) | 29°33'32.62"N<br>29°33'32.65"N<br>29°33'33.19"N | 81°13'0.80"E<br>81°13'56.47"E<br>81°13'02.76"E | ५६२६। | ७,८७,६४०। | १०००। | |
| ५-०८१/०८२ | सेती नदी ( ज.न.पा.०६ र ०९ धौला बाईस भगाला लुकुडी) | 29°31'57.76"N<br>29°32'1.54"N<br>29°32'03.61"N | 81°10'10.54"E<br>81°10'14.03"E<br>81°10'13.02"E | ८५०१। | ११,९०,१४०। | १०००। | |
| ६-०८१/०८२ | सेती नदी ( ज.न.पा.०५ तल्लो डिलबगर) | 29°31'5.15"N<br>29°31'0.64"N<br>29°30'58.57"N | 81° 9'22.18"E<br>81°9'19.67"E<br>81°9'21.91"E | ९२१५ | १२,९०,१००। | १०००। | |

**क. शर्तहरु :**

१ ठेक्का अवधि २०८१ साल असोज (सम्झौता मिति) देखि २०८२ सालको ज्येष्ठ मसान्त सम्म हुने ।

२ यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्मको कार्यालय समय भित्र जयपृथ्वी नगरपालिकाको कार्यालय, देवल ,बझाङ्गबाट खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्रहरु ८ औं दिनको दिउसो १२:०० बजे भित्र जयपृथ्वी नगरपालिका कार्यालय, देवल, बझाङ्गमा दर्ता गर्नुपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे जयपृथ्वी नगरपालिकाको कार्यालय, देवल बझाङ्गमा नियमानुसार खोलिने छ । बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ बोलपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिद कर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्ने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४ बोलपत्र खरिद कर्ताले बोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाण, आ.व. २०७९।०८० को कर चुक्ताको प्रमाण, फर्म दर्ता र २०८१।०८२ को नविकरणको प्रमाण आदीको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नु पर्ने छ ।

५ ठेक्का लिन चाहाने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्ने छ । धरौटी रकम जयपृथ्वी नगरपालिका चैनपुर बझाङको रा.वा. बैंक बझाङ शाखामा रहेका हि.नं. ४११०१००३०३०००००४ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा ९०(नब्बे) दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।

६ कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिने छ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिइने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको रा.वा. बैंक बझाङमा रहेको आन्तरिक राजश्व खाता नं. ४११०१००३०१०१०००४मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्ने छ ।

७ बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । दर्ता भएका शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैनन् ।

८ बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्ने छ । साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९ रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढी वालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना संशोधन लागायतका आदी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१० ठेकेदारले नेपाल सरकार, सुदुर पश्चिम प्रदेश सरकार तथा जयपृथ्वी नगरपालिका बझाङ्गको समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । साथै कार्यालय तथा ठेकेदार विच विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११ बुंदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनु पर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधिसम्मको जयपृथ्वी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स बण्ड) गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिइने छ।

१२ ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुने छ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रुकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुंदाका बखत | कबोल अंकको ३०% ले हुन आउने रकम |
| दोस्रो | २०८१ माघ मसान्त भित्र | कबोल अंकको ४०% ले हुन आउने रकम |
| तेस्रो | २०८२ वैशाख मसान्त भित्र | कबोल अंकको बाँकी ३०% ले हुन आउने रकम |

१३ ठेकेदारले सम्झौता पत्रमा, पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्रि शुल्क संकलन गर्नु पर्ने छ । सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुने छ ।

१४ प्रचलित नियमानुसार कालोसूचीमा परेका र जयपृथ्वी नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१५ जयपृथ्वी नगरपालिका कार्यालय बझाङ्गले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्ने छ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिने छ ।

१६ ठेकेदारले ठेक्का सम्झौता पछि जयपृथ्वी नगरपालिका कार्यालय बझाङ्गलाई बुझाउने पर्ने रकममा कुनै किसिमको मिनाहको लागि दाबि गर्न पाईने छैन ।

१७ राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्य पदार्थको विक्रि शुल्क संकलन गर्न पाइने छैन ।

१८ ठेकेदारले जयपृथ्वी नगरपालिका बझाङ्गको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचनापाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलनमा खटिने कर्मचारीलाई परिचय पत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्ने छ ।

१९ जयपृथ्वी नगरपालिका संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुंगा, गिट्टी, वालुवा, माटो आदि संकलन उत्खनन् कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्ने छ ।

२० ढुगा, गिट्टी, वालुवा, ग्राभेल, भरान, माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ । ढुगा, गिट्टी, वालुवा, ग्राभेल, भरान, माटो लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वन क्षेत्र भित्र जानु पर्ने भएमा सम्वन्धितको स्वीकृति लिने कार्य स्वयम ठेकेदारले नै गर्नुपर्ने छ ।

२१ नदीको किनाराबाट भू-क्ष्य हुने गरी डिल भिर भित्तो खन्न खोरस गरी ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, भरान, माटो निकाल्न रोक लगाउनु पर्ने छ । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्ने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner CamScanner

२२ राजमार्गको र पुलको उत्तर-दक्षिण ५०० मिटर भित्र ढुगा, गिट्टी, बालुवा, ग्राभेल, भरान, माटो आदी निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थानबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्न पाईने छैन ।

२३ नदी खोलाको घाट वा आकृति बिग्रने नदी किनारामा प्राकृतिक तवरले रहेको ढुगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुगा, गिट्टी, बालुवा, ग्राभेल, भरान, माटो झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमति लिनु पर्ने छ । नगरपालिकाको अनुमति नलिई ठुला मेसिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

२४ भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुगा, गिट्टी, बालुवा, ग्राभेल, भरान, माटो छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

२५ ठेकेदारले घाट क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२६ ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेल्मेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनु पर्नेछ ।

२७ ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खनन्को परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद सुरक्षित राख्नु पर्ने छ ।

२८ ठेकेदार नदीजन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्धी स्थल सम्वन्धिका खर्चहरु स्वय आफैले व्यहोर्नु पर्ने छ र बिक्रि शुल्क संकलन गर्ने दर सबै करसहित प्रति घन मिटर रु.१४०।-(एक सय चालिस मात्र) हुने छ ।

२९ बिहान सुर्योदय भन्दा अगाढी र साँझ सुर्यास्त भन्दापछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानुन् बमोजिम कारवाही गरिने छ ।

३० खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जनकारी सहितको सूचना पाटी (साईनवोर्ड) ठेकेदार आफैले बनाई सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३१ नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस नगरपालिका क्षेत्र भित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्रि शुल्क सबैले तिर्नु पर्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्रि शुल्क तिर्न अटेर गरेमा कानुन् अनुसार कारवाही गरिने छ ।

३२ नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन् गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन/उत्खनन् गरेको पाइएमा सुदूरपश्चिम सरकार/नगरपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिने छ ।

३३ यस सूचनामा उल्लेख भएका शर्तहर यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन ।

३४ IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार जयपृथ्वी नगरपालिकामा सुरक्षित रहेने छ ।

३५ यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुने छ

३६. IEE प्रतिवेदनको जानकारी यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

३७. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा पेश गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खोलिने दिनको सोही समयमा उक्त कार्यहरु गरिने छन ।

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

CamScanner

जयपृथ्वी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९२-४२१०६४
e-mail :-
jpmunicipality2014@gmail.com

प.स.: २०८१।०८२

च.नं. ४६३

मिति: २०८१।०५।३०

ने.स.११४४यँलाथ्व:१२ आईतवार

*विषय :-* सुचना टाँस गरी जानकारी पठाईदिने बारेमा ।

श्री वडा कार्यालयहरु सबै, जयपृथ्वी नगरपालिका, बझाङ्ग
श्री जिल्ला प्रशासन कार्यालय, चैनपुर,बझाङ्ग
श्री जिल्ला समन्वय समितिको कार्यालय, चैनपुर,बझाङ्ग
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, चैनपुर,बझाङ्ग
श्री मालपोत कार्यालय, सिमखेत,बझाङ्ग
श्री निर्माण ब्यबसायी संघ, चैनपुर, बझाङ्ग

उपरोक्त सम्बन्धमा नदीजन्य पदार्थको बिक्री शुल्क असुली सम्बन्धि कार्य ठेक्काद्वारा गराउन मिति २०८१।०५।३० गते यस नगरपालिकाद्धारा दोस्रो पटक आय सम्बन्धी ठेक्का "तेस्रो ध्रुव" पत्रिकामा प्रकाशित भैसकेको हुदा सो सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सो को जानकारी पठाईदिनहुन अनुरोध छ छ ।

२०८१।५।३०
..............................
(लाल बहादुर थापा)

नि.प्रमुख प्रशासकिय अधिकृत

CamScanner